## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: ११-२०७९/०८०

मिति २०७९/११/०८ समय: बिहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०७९/११/०५

वैठक संख्याः ११-२०७९/०८०

प्रस्तावहरुः

१. समवेंदना सम्बन्धमा ।
२. समिक्षा सम्बन्धमा ।
३. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
४. देवपुर देखि कोटासम्मको विद्‌युत प्रसारण लाईन मर्मतको भुक्तानी सम्बन्धमा ।
५. मतदाता शिक्षा कार्यक्रम सञ्चालनको स्वयंसेवक पारिश्रमिक सम्बन्धमा ।
६. खा.पा.स.टे. श्री ध्रुव चापागाईको उपचार खर्च सम्बन्धमा ।
७. झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।
८. वडागत तथ्यांक गणकलाई प्रोत्साहन रकम सम्बन्धमा ।
९. सडकमा पानी हाल्ने सम्बन्धमा ।
१०. घिनाटार टाउनचोक सडक कालोपत्रे आयोजनामा खानेपानी पाइप व्यवस्थापन सम्बन्धमा ।
११. युनिसेफ कार्यक्रमको प्रोत्साहन रकम सम्बन्धमा ।
१२. IEE स्वीकृत सम्बन्धमा ।
१३. राष्ट्रिय युवा परिषदबाट सञ्चालन हुने उद्यमशिलता विकास प्रशिक्षण कार्यक्रम सम्बन्धमा ।
१४. सोलार सिष्टम ब्याकअप राख्ने सम्बन्धमा ।
१५. नदीजन्य पदार्थ उत्खनन तथा बिक्री व्यवस्थापनमा खटिने कर्मचारीलाई प्रोत्साहन रकम सम्बन्धमा ।
१६. पर्यटन कार्यक्रम सम्बन्धमा ।
१७. गाउँपालिका स्तरीय बाल सञ्जाल र पुस्तकालय तथा अभिलेख केन्द्रको भवन निर्माण सम्बन्धमा ।
१८. माटो उत्खननको ToR स्वीकृत सम्बन्धमा ।
१९. आर्थिक सहयोग सम्बन्धमा ।
२०. गाउँपालिकाबाट अमिनबाट सेवा गराउँदाको शुल्क सम्बन्धमा ।
२१. वडा नं. २ र ४ को कम्पाउण्ड लगायतको निर्माण कार्यको ठेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमा
२२. छिपछिपे सोलार लिफ्टिङ्ग सिंचाई र खानेपानी आयोजनाको गाउँपालिकाको तर्फबाट लगानी भएको आइटमको मूल्यांकन भएको रकम भुक्तानी सम्बन्धमा ।
२३. नगर प्रहरीको तालिम सम्बन्धमा ।
२४. मकैको बिउमा नगद अनुदान भुक्तानी सम्बन्धमा ।
२५. भर्जनखोला कल्भर्ट निर्माणमा रकम विनियोजन सम्बन्धमा ।
२६. चिकित्सकलाई थप प्रोत्साहन रकम भुक्तानी दिने सम्बन्धमा ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु:**

**निर्णय नं. १:** कार्यपालिका सदस्य श्री बाल कुमारी परियारको पति राम बहादुर परियारको असमायिक निधन भएकोले निज राम बहादुर परियारप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरियो ।

**निर्णय नं. २:** वडा कार्यालयबाट आयोजना कार्यान्वयको सम्झौता, कार्यान्वय र अनुगमनलाई प्राथमिकता दिने लगायतका विषयमा र गत कार्यपालिका वैठकबाट भएको निर्णयको कार्यान्वय प्रगति समीक्षा गरियो ।

**निर्णय नं. ३:** सुरक्षित नागरिक आवास कार्यक्रमको प्रगति समीक्षा गरियो र प्रथम किस्ता रकम भुक्तानी लगेका र काम गरेका लाभग्राहीलाई दोस्रो किस्ता बापतको रकम प्रति लाभग्राही समान रुपमा भुक्तानी दिने र पछि थप रकम प्राप्त भएमा २०,०००/- (बिस हजार) पुग्ने गरी बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** वडा नं. १ देउपुर देखि कोटासम्मको विद्युत प्रशारण लाईन गत श्रावण/भाद्र महिनाको अविरल वर्षातको कारणले विद्युत पोल ढलेको तथा तार क्षती पुर्याएकोले उक्त पोल गाड्ने र तार विछ्याउने कार्यमा खर्च भएको मूल्यांकन बमोजिमको रकम रु. ७४,०८०/- (चौहत्तर हजार असी रुपैया) वडा कार्यालयलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५:** स्थानीय तह निर्वाचन २०७९ मा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएको र मतदाता शिक्षा स्वयंसेवक खटाइएकोमा सो बापतको खर्च प्रति स्वयंसेवक रु. १०,०००/- का दरले ५ जनालाई जम्मा रु. ५०,०००/- (पचास हजार रुपैया) कार्यक्रम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६:** देवघाट गाउँपालिका गाउँ कार्यपालिकाका खा.पा.स.टे. श्री ध्रुव चापागाई मुटुको जटिल समस्या भई अप्रेशन गर्नुपर्ने भएकोले निज ध्रुव चापागाईलाई रु. १,००,०००/- (एक लाख रुपैया) उपचार खर्च स्वरुप सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** गाउँपालिका क्षेत्रमा झोलुङ्गे पुल निर्माण गर्न गैर सरकारी संस्था समन्वय तनहुँसँग आ.व. २०७७/०७८ मा सम्झौता भएकोमा उक्त सम्झौतालाई नै कायम गरी यस आ.व. मा पनि उक्त संस्थासँग सम्झौता गरी काय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** वैदेशिक रोजगार प्रोफाइल र वडागत तथ्यांक गणकलाई सुरक्षित आप्रवासन कार्यक्रमबाट र वडा तथ्यांक शिर्षकबाट खर्च गर्ने गरी एक महिनाको लागि प्रति गणक रु. २९,७००/- (उन्तिस हजार सात रुपैया) प्रोत्साहन स्वरुप भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** सेती भतेरीबाट नदीजन्य पदार्थ सवारी साधनबाट ओसार पसार गर्ने क्रममा बस्ती क्षेत्रमा धुलोले जनस्वास्थ्यमा असर पर्ने भएकोले धुलो उड्न नदिन सडकमा पानी राख्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** घिनाटार टाउनचोक सडक कालोपत्रे गर्ने आयोजना कार्यान्वयन गर्ने क्रममा पहिले सडकमा विच्छ्याइएको खानेपानी पाईप टुटफुट भई काम नलाग्ने र खानेपानी अवरुद्ध हुने भएकोले प्राविधिक इष्टिमेट बमोजिम खानेपानी उपभोक्ता समितिको लागत साझेदारीमा चालु भैपरी शिर्षकबाट खर्च हुने गरी पाईप विच्छ्याउने निर्णय गरियो ।

**निर्णय नं. ११:** युनिसेफबाट प्राप्त तपसिल अनुसारको शिर्षकबाट थप काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२:** देवघाट – ५ का शशिकला मरहट्टाले १४८५ घ.मि. माटो उत्खनन गर्नको लागि पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरियो र सोही अनुसार माटो उत्खनन अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** राष्ट्रिय युवा परिषदबाट निशुल्क प्रशिक्षक उपलब्ध भई सञ्चालन हुने उद्यमशिलता विकास प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने देवघाट जेसिजलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १४:** वैकल्पिक उर्जा कार्यक्रमबाट प्राप्त रकमबाट देवघाट धर्मार्थ अस्पताल र १ नं. वडा कार्यालयमा सोलार सिष्टम ब्याकअप राख्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १५:** जिन्सी, सामाजिक सुरक्षा, पञ्जीकरण, विपद तथा वन वातावरण लगायत जिम्मेवारीको साथसाथै राजश्व इकाई प्रमुखको पनि कामकाज गर्नु परेको र अत्याधिक कार्यचाप भएकोले नदिजन्य पदार्थ उत्खनन तथा बिक्री व्यवस्थापनमा खटिने राजश्व इकाई प्रमुख दुर्ग बहादुर रानालाई २०८० आषाढ मसान्त सम्मको लागि तथा बिक्री काउन्टरमा खटिने तपसिल अनुसारका कर्मचारीहरुलाई तपसिल अनुसारको खाजा, खाना खर्च स्वरुप नगद भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | कर्मचारीको नाम थर | पद | खाजा/खाना खर्च दैनिक (रु.) | समय |
|---|---|---|---|---|
| १ | अरुण अधिकारी | सू.प्रविधि अधिकृत | ४००/- | सार्वजनिक विदाको दिन |
| २ | दुर्ग बहादुर राना | स.पाचौं | ४००/- | सार्वजनिक विदाको दिन |
| ३ | होम बहादुर भारती | सामाजिक परिचालक | ४००/- | सार्वजनिक विदाको दिन |
| ४ | सपना क्षेत्री | | ४००/- | सार्वजनिक विदाको दिन |

**निर्णय नं. १६:** नेपाल पर्यटन बोर्डको पत्र अनुसार गाउँपालिका स्तरीय पर्यटन गुरुयोजना निर्माण गर्नको लागि ५०% लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७:** हाल गाउँपालिकाको प्रशासकीय भवन निर्माण भइरहेको स्थान देवघाट – ५ क्यूदीमा गाउँपालिका स्तरीय बाल सञ्जाल र पुस्तकालय तथा अभिलेख केन्द्र भवन निर्माण गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८:** देवघाट – ५ कालीमाटीमा १८५४ घ.मि. माटो उत्खनन गर्नको लागि मन बहादुर गुरुङबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न पेश भएको ToR स्वीकृत गरियो ।

**निर्णय नं. १९:** तपसिल अनुसारका व्यक्तिहरुलाई तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

क) वडा नं. २, सोम बहादुर परियार — रु. ५,०००/- (पाँच हजार रुपैया)

ख) वडा नं. ३, मंगला भुजेल — रु. ५,०००/- (पाँच हजार रुपैया)

ग) कृषि तथा पशुपालन फर्म वडा नं. ५, गिता कुमारी पाण्डेको ५ वटा गाई मरेकोले विपद कोषबाट — रु. २०,०००/- (बिस हजार रुपैया)

घ) जीवन कुमारी कार्की विद्युत सर्ट भई बाख्रा मरेको — रु. ७,०००/- (सात हजार रुपैया)

**निर्णय नं. २०:** गाउँपालिकाको अमिनबाट सेवा उपलब्ध गराउँदा तपसिल अनुसारको शुल्क लिने निर्णय गरियो ।

तपसिल:

१) एक स्थानमा बढीमा ७ रोपनी बराबर १ कित्ता मानि प्रति कित्ता रु. २,०००/- (दुई हजार रुपैया) र एउटै प्लटमा ४ कित्ता भन्दा बढी कित्ता नापी गर्नु परेमा रु. १,०००/- (एक हजार रुपैया) र सो भन्दा बढी भएमा प्रति कित्ता थप दस्तुर रु. ५००/- (पाँच सय) लाग्नेछ ।

२) एक स्थानमा ७ रोपनी भन्दा बढी भएमा प्रत्येक ७ रोपनी बराबर ५० रोपनीसम्म रु. ५००/- (पाँच सय) र सो भन्दा बढी भएमा प्रति ७ रोपनी थप रु. २००/- (दुई सय)

३) माथी क र ख मा जुनसुकै कुरा लेखिएतापनि एउटै प्लटमा जतिसुकै कित्ता वा क्षेत्रफल भएपनि एक पटकमा अधिकतम रु. १०,०००/- भन्दा बढी शुल्क लाग्ने छैन ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. २१:** वडा नं. २ र ४ को कम्पाउण्ड लगायतका मर्मत सम्भार र थप काम गर्ने ठेक्काको विषयमा छलफल गर्दा कम घटिघटाउ भएपनि दुर्गम स्थान भएकोले मूल्यांकन प्रक्रिया अगाडी बढाई ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:** वडा नं. ३ छिपछिपे सोलार लिफ्टिङ्ग सिंचाई र खानेपानी आयोजना रोटरी क्लव र गाउँपालिकाको साझेदारीमा सम्पन्न भएकोमा गाउँपालिकाको तर्फबाट लगानी भएको आइटमको छुट्टै मूल्यांकन भएको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३:** गाउँपालिकाका नगर प्रहरीहरुलाई इलाका प्रहरी कार्यालयले नगर प्रहरी सेवा सम्बन्धी ७ देखि १० दिन सम्मको तालिम दिने र सो तालिम खर्च पदाधिकारी तथा कर्मचारी क्षमता अभिवृद्धि तालिम शिर्षकबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४:** किसानहरुलाई मकैको उत्पादनमा प्रोत्साहन गर्नको लागि मकैको बिउ माग गरेका किसान, सहकारी, टोल विकास संस्थालाई प्रति के.जि. रुँ. ६५/- नगद अनुदान भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २५:** वडा नं. ५ भर्जनखोला कल्भर्ट निर्माणको लागि भैपरी शिर्षकबाट रु. ३,००,०००/- (तीन लाख रुपैया) विनियोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६:** धर्मार्थ अस्पतालमा कार्यरत चिकित्सक (मेडिकल अधिकृत) लाई बिहान १०:०० बजे देखि बेलुकी ५:०० बजे सम्म अस्पतालमा नै बसी बिरामीलाई सेवा पर्याए बापत गाउँपालिकाबाट थप रु. २०,०००/- (बिस हजार रुपैया) मासिक रुपमा मिल्दो जुल्दो शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष